प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।५।६
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७२।४।६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १ (एक) :**

नेपाल सरकार र एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत निर्माण गर्ने गरी प्रस्तावित Integrated Solid Waste Management Subproject (IUDP/SWM/SDN/ICB-02) को लागि २९ अक्टोबर २०१४ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी १२ डिसेम्बर २०१४ मा पेश हुन आएका तीनवटा बोलपत्रहरु UPL Environment Engineers Ltd. – Khani Nirman Sewa Pvt. Ltd. JV, RAMKY – Nepal Adarsha Nirman Company JV र Zhongding International Engineering Co. Ltd. – Pappu Construction JV को प्राविधिक प्रस्ताव मूल्यांकन समितिमा मूल्यांकन गर्दा उल्लेखित तीनवटा बोलपत्र मध्ये RAMKY – Nepal Adarsha Nirman Company JV को प्राविधिक प्रस्ताव मात्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सो प्राविधिक प्रस्ताव सम्बन्धमा ADB बाट Concurrence प्राप्त गरी आर्थिक प्रस्ताव खोल्न अनुमति भए पश्चात प्राविधिक प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताको आर्थिक प्रस्ताव मात्र १५ अप्रिल २०१५ मा नियमानुसार खोलिएको । आर्थिक प्रस्ताव खोली सकेपछि सो प्रस्तावलाई मूल्यांकन समितिमा पेश गरी तुलनात्मक तालिका अनुसार तुलना गरी अध्ययन





फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

गर्दा निजको कबोल अंक रु. ३२,२९,८१,६६३।९४ (VAT, Physical Contingencies र Price Adjustment बाहेक) रहेको देखिएको । निजको कबोल अंक कार्यालयको ल.ई. रु. २६,३६,९७,४६७।२२ (VAT, Physical Contingencies र Price Adjustment बाहेक) भन्दा रु. ५,९२,८४,१९६।७२ (ल.ई. भन्दा २२.४८ प्रतिशत) बढी रहेको देखिएको । प्रस्तावित बोलपत्रदाताको बोलपत्र अस्वीकृत गर्ने वा स्वीकृत गर्ने सम्बन्धमा अध्ययन गर्दा ADB को Procurement Guidelines, April 2015 को बुँदा नं. २.६४ अनुसार बोलपत्र अस्वीकृत गर्नु अघि ADB को पूर्व स्वीकृती लिनु पर्ने व्यवस्था रहेको र सोही Guidelines को बुँदा नं. २.६३ मा "Where all bid prices substantially exceed the cost estimates, the borrower may, instead of calling for new bids, after consultation with ADB, negotiate with the lower evaluated bidder for a reduction of the bid price" भनि उल्लेख भए अनुसार सिद्धार्थनगर नगरपालिकाको मिति २०७२।१।३० को बोर्ड बैठकबाट निर्णय गरी Price negotiation को अनुमतिको लागि PCO मार्फत ADB मा पठाईएकोमा PCO बाट पठाईएको Ref. no. 58/071/72/354 मिति १९ जुन २०१५ को पत्र अनुसार "It is advised to you to evaluate bidder's price against current/updated engineer's cost estimate so that bid evaluation committee can make specific recommendation if there is any rational and scope for negotiating" भनि लेखि आएकोले सो आधारमा सिद्धार्थनगर नगरपालिकामा नियुक्त Design and Supervision Consultant लाई IUDP/SWM/SDN/ICB-02 को Current/updated engineer's cost estimate" पेश गर्न पत्राचार गरिएकोमा DSC द्वारा मिति २०७२।३।२७ को पत्रद्वारा आ.ब. ०७१।०७२ को दररेटमा गरिएको Current/updated cost estimate प्राप्त भएको र सो अनुसार Current/updated cost estimate रु. २८,६८,६४,५९५।०६ (VAT, Physical Contingencies र Price Adjustment बाहेक) रहेको देखियो । उक्त Updated cost estimate कार्यालयको यस अघिको स्वीकृत लागत अनुमान भन्दा रु. २,३१,६७,१२७।८४ (ल.ई. भन्दा ८.७८ प्रतिशत) बढी हुने देखियो । साथै उक्त Current/ Updated engineer's cost estimate रकम भन्दा RAMKY – Nepal Adarsha Nirman Company JV को कबोल अंक रु. ३,६१,१७,०६८।८७ (अर्थात १२.९५% ले) बढी देखिएको । ADB को Procurement Guidelines, 2015 को बुँदा नं. २.६१ अनुसार निजको कबोल अंक Current/Updated cost estimate भन्दा समेत सारभूत रुपमा बढी देखिएको हुँदा निज RAMKY – Nepal Adarsha Nirman Company JV को बोलपत्र रद्द गरी पुन: खुल्ला बोलपत्र आव्हान गर्ने भन्ने मूल्यांकन समितिको मिति २०७२।३।२९ गतेको निर्णय अनुसार सहमतिको लागि PCO मार्फत ADB मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई) :**

यस नगरको शहरी सौन्दर्य पैदल यात्रीहरुको सुविधा र व्यवस्थित सवारी आवागमनमा समेत वाधा पुग्ने गरी सडक तथा सडक पेटीमा जथाभावी रुपमा राखीएका निर्माण सामाग्री तथा व्यवसायीक सामाग्री हटाउन अनुरोध गर्दा अटेर गर्ने व्यक्तिको त्यस्तो सामाग्री उठाई नगरपालिका कार्यालयमा ल्याउने र निजलाई स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १६५ को उपदफा (१)(घ) बमोजिम बढीमा रु १५,०००।०० (पन्ध्र हजार) सम्म जरिवाना गरी आईन्दा त्यसरी सामान नराख्ने शर्तनामा गराई निजको सामान फिर्ता दिने । सामान उठाई ल्याएको ३५(पैतिस) दिन सम्म पनि तोकिएको जरिवाना तिरी शर्तनामा गर्न नआएमा त्यस्तो सामान नगरपालिकाले प्रचलित कानुनको रित पुर्याई लिलाम विक्रि गर्ने । यस्तो लिलाम विक्रि सम्बन्धी प्रकृयामा स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधिलाई समेत आमन्त्रित गर्ने निर्णय गरियो ।




"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np